आज मिति २०८३।०३।०१ गते (ने.स.११४६ अनालागा आमै) सोमवार दिन विहानको १०:३० वजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८२/८३ को सत्रौं वैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलका सदस्यहरुको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| कपिल पाण्डे | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| | | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| प्रविन पोख्रेल | प्रशासकीय अधिकृत | |
| सुशिल गर्बुजा | सूचना प्रविधि अधिकृत | |
| प्रताप बरनवाल | कार्यालय सहयोगी | |
| | | |
| | | |

**निर्णय नं १**

प्रस्ताव नं १ उपर छलफल गर्दा गाउँ सभाको २[illegible]औं अधिवेशन असार १० गते बुधवार दिनको १२:०० बजे अहान गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

प्रस्ताव नं २ उपर छलफल गर्दा विपद पूर्वतयारी एवं राहतको लागि देहाय बमोजिमक सामाग्री खरिद गर्ने निर्णय गरियो ।

(१) ग्याबिन जालि

| साइज | थान |
|---|---|
| २ x १ x १ | ७५ |
| १.५ x १ x १ | ७५ |

(२) त्रिपाल

| साइज | थान |
|---|---|
| २ x १ x १ | ३० |
| १.५ x १ x १ | ६० |

**निर्णय नं ३**

प्रस्ताव नं ३ उपर छलफल गर्दा आगामी आ.व. २०८३/०८४ देखि लागु हुने गरी अन्नपूर्ण गाउँपालिकाको कार्यालय वा सो अन्तर्गतका कार्यालयमा कार्यरत कार्यालयको सहयोगीको न्युनतम तलबमान कायम गर्ने ।

**निर्णय नं ४**

प्रस्ताव नं ४ उपर छलफल गर्दा स्रोत अनुमान तथा बजेट निर्धारण समितिले सिफारिस गरेबमोजिम देहाय अनुसारको वडागत सिलिङ कायम गर्ने निर्नय गरियो ।

| क्र.सं. | वडा | बजेट सीमा रु | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ | ६७,३८,०००/- | |
| २ | वडा नं. २ | ६७,३८,०००/- | |
| ३ | वडा नं. ३ | ८४,१८,०००/- | |
| ४ | वडा नं. ४ | १,०७,७९,०००/- | |
| ५ | वडा नं. ५ | ७८,१९,०००/- | |
| ६ | वडा नं. ६ | ७८,८२,३५८/- | |

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ७ | वडा नं. ७ | ७२,३८,०००/- | |
| ८ | वडा नं. ८ | ७२,३२,०००/- | |

**निर्णय नं ५**

ठेक्का नं. 08/NCB/b/ARM/MYAGDI/2080-81 (पाउद्वार मा.वी. मा पूर्वाधार निर्माण) को कार्यसम्पन्न गर्नु पर्ने मिति २०८३/०३/२० गते भएकोमा विविध कारण वश सम्पन्न नभएको र सम्बन्धित फर्म/कम्पनीको म्याद थपको निवेदन अनुसार उक्त ठेक्काको म्याद मिति २०८३/०९/३० सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने।

(१) ५ नं वडा कार्यालयको चलानी नं १००३, मिति २०८३/०२/२७ गतेको सिफारिस अनुसार अन्नपूर्ण गाउँपालिका वडा नं ५ बस्ने दल बहादुर तुलाचनको घर मिति २०८३/०१/१५ गते आएको भलपानी र पहिरोको कारण कच्ची दुई तल्ले घर आंशिक क्षति भएकाले विपद कोष व्यवस्थापन कार्यविधि बमोजिम रु. २०,००० आर्थिक सहायता दिने ।

(२) ६ नं वडा कार्यालयको चलानी नं ११८८, मिति २०८३/०२/२६ गतेको सिफारिस अनुसार अन्नपूर्ण गाउँपालिका वडा नं ६ बस्ने वर्ष ५८ को पुर्ण बहादुर बरुवाल मिति २०८३/०२/०३ गतेको दिन घाँस काटने क्रममा रुख बाट खसि टाउकोमा गहिरो चोट लागि मनिपाल अस्पतालमा उपचार भैरहेकोले निरजलाई रु. १५,००० आर्थिक सहायता दिने ।

(३) ६ नं वडा कार्यालय बस्ने शान्ती थापा खत्रीको मिति २०८३/०२/२६ गतेको राहत उपलब्ध वारे पत्र अनुसार वडा नं. ६ घार निवासी बाबा रेशम खत्री र आमा शान्ती थापा खत्रीको छोरा ५ वर्षिय सफल खत्रीको दुब मृगौलामा समस्या भएको र हाल अस्पतालमा उपचार भइरहेको र निजको आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च रु. २०,००० आर्थिक सहायता दिने ।

(४) २ नं वडा कार्यालय बस्ने सोम बहादेर पुनको मिति २०८३/०३/०१ गतेको राहत/आर्थिक सहयोग उपलब्ध वारे पत्र अनुसार वडा नं. २ भुरुङ्ग तातोपानी निवासी बाबा विकल पुन र आमा सोहोना पुर्जा पुनको छोरा ८ वर्षि छोरी निएना पुनको मुटु रोगको समस्या भएको र विगत लामो समयदेखि अस्पतालमा उपचार भइरहेको र निजको आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च रु. २०,००० आर्थिक सहायता दिने ।

(५) ७ नं वडा कार्यालयको चलानी नं ९२५ बमोजिमको सिफारिस अनुसार अन्नपूर्ण गाउँपालिका वडा नं ७ महभिर बस्ने बिर बहादुर नेपालिको मिति २०८३/०१/०७ गते आएको ठुलो हावाहुरिले घरको छाना उडाएकोमा क्षतिपुर्तिको लागि प्रहरि प्रतिवेदन र वडा सिफारिस बमोजिम रु. २०,००० आर्थिक सहायता दिने ।

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

(६) वर्षायाममा कालिगण्डकी नदिको बाहवको जोखिम उच्च हुने भएकाले विपदको जोखिम सूचना प्रवाह गर्नको लागि नदि हेरालुको रुपमा अन्नपूर्ण ३ दानाका सुनिल पाईजालाई मिति २०८३/०४/०१ देखि लागु हुने गरि ३ महिनाको लागि मासिक रु १० हजार दिने गरि नियुक्ति गर्ने ।

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था: २०७३

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष